**सम्वत् २०८० साल जेठ १४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभाको बैठकमा मिति २०८०/०२/१४ गते सम्बोधन गर्न माननीय मुख्यमन्त्रीमार्फत माननीय प्रदेश प्रमुखसमक्ष अनुरोध गर्ने। |
| २. | बागमती प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी एकाइ भवन निर्माण गर्न चालु आर्थिक वर्ष २०७९।८० का लागि विनियोजित रकम प्रहरी एकाइलाई खर्च अख्तियारी प्रदान गर्ने। |
| ३. | प्रदेश भित्रका १० स्थानीय तहहरूलाई विपद् प्रतिकार्य तथा पुनर्लाभ (न्यूनीकरण, रोकथाम तथा नियन्त्रण) सम्बन्धी कार्य गर्नका लागि प्रति स्थानीय तहलाई रु. दश लाखका दरले सम्बन्धित स्थानीय तहको स्थानीय विपद् व्यवस्थापन कोषमा प्रदान गर्ने। |
| ४. | प्राकृतिक विपद् तथा जोखिम न्यूनीकरण अन्तर्गतका योजना/कार्यक्रमका लागि थप सशर्त अनुदान रकम अर्थ विविध चालुबाट रकमान्तर गरी सशर्त अनुदान बापत सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने । |
| ५. | विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धी विधेयकको मस्यौदा तयारीका लागि सहमति प्रदान गर्ने। |